जगन्नाथ गाउँपालिका
JAGANNATH RURAL MUNICIPALITY
गाउँकार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
जुड्डी, बाजुरा
JUDDI, BAJURA
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpashchim Province, Nepal

प.सं./Letter No.: ०८३/०८४
च.न./Ref. No.:

मितिः २०८३/०४/१४

सूचना!

**रेरास परियोजनाबाट ५० प्रतिशत लागत साझेदारी (Matching Grant) मा कोल्ड रुम (Cold Room) स्थापना तथा सञ्चालनका लागि निजी संकलनकर्ता/एग्रिगेटर/व्यापारीबाट आवेदन आह्वान सम्बन्धी सूचना**

Renewable Energy for Resilient Agri-Food Systems (RERAS) Project को सहयोगमा यस स्वामिकार्तिक खापर गाउँपालिका र जगन्नाथ गाउँपालिकाको समन्वयमा कृषि बजार प्रणाली सुदृढीकरण अवधारणाअनुसार पिलुचौर बजार केन्द्र लाई कृषि संकलन, भण्डारण तथा बजार व्यवस्थापन केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो।

पिलुचौर बजार केन्द्रमा सडक पहुँच, नवीकरणीय ऊर्जाको उपलब्धता तथा बजार पूर्वाधारको सम्भावनालाई मध्यनजर गर्दै स्वामिकार्तिक खापर गाउँपालिका र जगन्नाथ गाउँपालिकाका कृषकहरूले उत्पादन गर्ने उच्च मूल्यका कृषि उपज (विशेष गरी स्याउ, फलफूल तथा अन्य कृषि उपज) को गुणस्तरीय भण्डारण, पोस्ट—हार्भेष्ट क्षति न्यूनीकरण तथा प्रभावकारी बजार व्यवस्थापनका लागि RERAS परियोजनाबाट ५० प्रतिशत लागत साझेदारी (Matching Grant) मा ७ मेट्रिक टन (७ MT) क्षमताको एक (१) वटा मात्र कोल्ड रुम (Cold Room) स्थापना तथा सञ्चालनमा सहयोग हुने छ।

उक्त एक (१) वटा कोल्ड रुम को स्थापना तथा सञ्चालनका सहयोग लागि योग्य तथा सक्षम निजी संकलनकर्ता, एग्रिगेटर, कृषि उद्यम, सहकारी संस्था, कम्पनी वा व्यापारी छनोट गर्न देहाय बमोजिम आवेदन आह्वान गरिन्छ। यो सूचना अन्तर्गत उपलब्ध गराइने ७ मेट्रिक टन क्षमताको कोल्ड रुम एक (१) वटा मात्र हुनेछ, जुन स्वामिकार्तिक खापर गाउँपालिका र जगन्नाथ गाउँपालिकाको सेवा क्षेत्रलाई लक्षित गरी पिलुचौर बजार केन्द्रमा स्थापनाको लागि सहयोग गरिनेछ।

**१. कार्यक्रमको उद्देश्य**

यस कार्यक्रमको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

- निजी क्षेत्रको नेतृत्वमा दिगो कृषि बजार प्रणाली विकास गर्ने।
- स्थानीय कृषि उपजको संकलन, ग्रेडिङ, भण्डारण तथा बजार व्यवस्थापनलाई सुदृढ गर्ने।
- पोस्ट—हार्भेष्ट क्षति न्यूनीकरण गरी कृषि उपजको गुणस्तर संरक्षण गर्ने।
- किसान, सहकारी तथा निजी क्षेत्रबीच दीर्घकालीन बजार साझेदारी विकास गर्ने।
- स्थानीय कृषि उत्पादनको मूल्य अभिवृद्धि तथा प्रतिस्पर्धात्मक बजार पहुँच विस्तार गर्ने।
- परियोजना समाप्तिपछि समेत सञ्चालन हुन सक्ने आर्थिक रूपमा दिगो कृषि व्यवसाय प्रवर्द्धन गर्ने।

प.सं./Letter No.: ०८३/०८४
च.नं./Ref. No.:

## २. न्यूनतम योग्यता (Minimum Eligibility Criteria)

आवेदकले देहायका न्यूनतम योग्यता पूरा गरेको हुनुपर्नेछः

- नेपाल सरकारको प्रचलित कानून बमोजिम दर्ता भई आवश्यक कानुनी नवीकरण सम्पन्न गरेको कृषि व्यवसाय, कम्पनी, सहकारी, एग्रिगेटर वा व्यापारी हुनुपर्ने।
- पिलुचौर बजार क्षेत्र भित्र कृषि उपजको संकलन, व्यापार वा बजार व्यवस्थापनमा सक्रिय रूपमा संलग्न रहेको हुनुपर्ने।
- प्रस्तावित कोल्ड रुम स्थापनाका लागि कुल लागतको कम्तीमा ५० प्रतिशत स्व-लगानी सुनिश्चित गर्न सक्ने वित्तीय क्षमता भएको हुनुपर्ने।
- कोल्ड रुम स्थापना गर्न आवश्यक जग्गा वा भवनको स्वामित्व वा दीर्घकालीन उपयोग अधिकार (Lease Agreement सहित) भएको हुनुपर्ने।
- तीन-फेज विद्युत् जडान तथा आवश्यक प्राविधिक पूर्वाधार सुनिश्चित गर्ने प्रतिबद्धता हुनुपर्ने।
- कोल्ड रुम कम्तीमा पाँच वर्षसम्म निरन्तर व्यावसायिक रूपमा सञ्चालन गर्ने लिखित प्रतिबद्धता गर्नुपर्ने।
- रेरास परियोजनासँग Matching Grant Agreement सम्पन्न गरी सबै सर्तहरू पालना गर्न सहमत हुनुपर्ने।
- नियमित अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण स्वीकार गर्न सहमत हुनुपर्ने।

## ३. मूल्याङ्कन तथा छनोट मापदण्ड

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | कैफियत |
|---|---|---|
| १ | कानूनी दर्ता, PAN/VAT तथा नवीकरण | |
| २ | कृषि व्यवसाय सञ्चालनको अनुभव | |
| ३ | उच्च मूल्यका कृषि उपजको संकलन, भण्डारण तथा बजार व्यवस्थापन अनुभव | |
| ४ | व्यापारिक सञ्जाल तथा वार्षिक कारोबार क्षमता | |
| ५ | ५० प्रतिशत स्व-लगानी तथा वित्तीय क्षमता | |
| ६ | जग्गा/भवन, तीन-फेज विद्युत् तथा पूर्वाधार उपलब्धता | |
| ७ | व्यवसाय योजना तथा सञ्चालन योजना | |
| ८ | RERAS समर्थित किसान/सहकारीसँग बजार साझेदारी प्रतिबद्धता | |
| ९ | रोजगारी सिर्जना तथा GESI प्रवर्द्धन | |
| १० | डिजिटल स्टक, ट्रेसबिलिटी तथा अभिलेख प्रणाली | |

**४. प्राथमिकता दिइने आधारहरू**

देहायका आवेदकलाई प्राथमिकता प्रदान गरिनेछ:

- विद्यमान कृषि एग्रिगेटर, कृषि उद्यम वा कृषि बजार व्यवस्थापनमा सक्रिय निजी व्यवसाय।
- RERAS परियोजनाबाट सहयोग प्राप्त किसान समूह तथा सहकारीसँग नियमित खरिद सम्बन्ध भएका व्यवसाय।
- सुर्खेत, नेपालगञ्ज, मार्तडी, कोल्टी लगायत प्रमुख बजारसँग स्थापित व्यापारिक सञ्जाल भएका व्यवसाय।
- स्याउ, आलु, सिमी, तरकारी, फलफूल तथा अन्य उच्च मूल्यका कृषि उपजको व्यापार तथा मूल्य अभिवृद्धिमा संलग्न व्यवसाय।
- महिला, युवा तथा GESI उत्तरदायी उद्यम।
- ग्रेडिङ, प्याकेजिङ, कोल्ड चेन तथा प्रशोधन सेवा सञ्चालन गर्ने व्यवसाय।
- पर्याप्त संकलन, भण्डारण तथा प्याकेजिङ स्थल भएका व्यवसाय।
- किसान तथा सहकारीसँग दीर्घकालीन खरिद सम्झौता गर्न इच्छुक व्यवसाय।
- डिजिटल बजार सूचना तथा ट्रेसबिलिटी प्रणाली अपनाउन इच्छुक व्यवसाय।

**५. छनोट भएका व्यवसायीले पालना गर्नुपर्ने प्रमुख प्रतिबद्धताहरू**

छनोट भएका व्यवसायीले सम्झौतापूर्व देहायका प्रतिबद्धताहरू लिखित रूपमा स्वीकार गर्नुपर्नेछ:

- कुल लागतको कम्तीमा ५० प्रतिशत स्व-लगानी सुनिश्चित गर्ने।
- कोल्ड रुम कम्तीमा पाँच वर्षसम्म पूर्ण क्षमतामा सञ्चालन गर्ने।
- आवश्यक तीन-फेज विद्युत् तथा वैकल्पिक विद्युत् (जेनेरेटर) व्यवस्था गर्ने।
- RERAS परियोजनाबाट समर्थित किसान, किसान समूह तथा सहकारीबाट कृषि उपज खरिदलाई प्राथमिकता दिने।
- कोल्ड रुमको नियमित सञ्चालन, मर्मतसम्भार कोष स्थापना तथा बचत गर्ने।
- रेरास परियोजनाबाट प्राप्त उपकरण वा पूर्वाधारको दुरुपयोग, बिक्री वा हस्तान्तरण नगर्ने।
- वित्तीय, प्राविधिक तथा स्टक अभिलेख नियमित अद्यावधिक राख्ने।

- गाउँपालिका, RERAS परियोजना तथा सम्बन्धित निकायबाट हुने अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षणमा पूर्ण सहयोग गर्ने।
- वातावरणीय, सामाजिक, श्रम सुरक्षा तथा GESI सम्बन्धी मापदण्ड पालना गर्ने।
- सम्झौता उल्लङ्घन वा अनुदानको दुरुपयोग भएको अवस्थामा प्रचलित कानून तथा सम्झौताबमोजिम आवश्यक कारबाही स्वीकार गर्ने।

**६. आवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरू**

१. निवेदन।
२. संस्था/व्यवसाय दर्ता प्रमाणपत्र।
३. PAN/VAT दर्ता प्रमाणपत्र।
४. कर चुक्ता तथा व्यवसाय नवीकरण प्रमाणपत्र।
५. व्यवसायको संक्षिप्त प्रोफाइल।
६. सरल व्यवसाय योजना (Business Plan)।
७. जग्गा धनी प्रमाणपत्र वा लिज सम्झौता।
८. ५० प्रतिशत स्व-लगानी सुनिश्चित गर्ने प्रमाण वा प्रतिबद्धता।
९. अनुभव तथा कारोबार सम्बन्धी प्रमाणहरू।
१०. अन्य सम्बन्धित कागजातहरू।

**७. आवेदन बुझाउने स्थान**

कार्यालय : **जग्गनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाजुरा।**

**८. आवेदन बुझाउने अन्तिम मिति**

यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** कार्यालय समयभित्र आवेदन पेश गर्नुपर्नेछ।

**९. अन्य व्यवस्था**

- अपूर्ण, म्याद नाघी प्राप्त वा आवश्यक कागजात संलग्न नभएका आवेदनहरू स्वतः अमान्य हुनेछन्।
- प्राप्त आवेदनहरू पूर्वनिर्धारित मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गरिनेछ।

ध्रुब बहादुर शाही
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय